## प्रश्न नं. ८२

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं. ९८८२ देखि १०००३ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

दिनेस महर्जनको जाहेरीले नेपाल सरकार

बिरुद्ध

एसी भन्ने आदित्य मुखिया

मुद्दाः-ज्यान सम्वन्धी कसूर

२०७५।८।५ गते साँझ अं.६ बजेतिर आफ्नै घर अगाडि ललितपुर जिल्ला, इमाडोल गा.वि.स., वडा नं. १ र २ को बीचमा पर्ने बाटोमा म जाहेरवाला तथा मेरो काका सुजिन महर्जन र सरोज राउतसमेत पिकनिक जाने विषयमा गफ गरिरहेको अवस्थामा एसी भन्ने आदित्य मुखिया, श्रीधर खड्का, भरत श्रीमाली ३।४ जनासमेत आई एसी मुखियाले मेरो श्रीमती जिस्काउने यही सुजिन महर्जन हो र मेरो बाबुले मार्न भनेको मान्छे यही हो भन्नासाथ उल्लिखित व्यक्तिहरूले सुजिन महर्जनलाई हात मुक्काले हानी घोप्टो पारी एसी मुखियाले छुरी हान भन्नासाथ श्रीधरले छुरी निकाली सुजिन महर्जनको बाँया कुममुनि छुरी रोप्दा सख्त घाइते बनाई निजहरू भागी गए। सुजिन महर्जनलाई मार्न आदेश दिने युगल मुखिया तथा कुटपीट गरी मार्नमा प्रत्यक्ष संलग्न एसी भन्ने आदित्य मुखिया, श्रीधर खड्का, भरत श्रीमाली समेतलाई कडा कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको दिनेश नगरकोटी महर्जनको जाहेरी दरखास्त।

इमाडोल गा.वि.स., वडा नं. १ र २ सीमाना बाटोस्थित मिराज बस्नेतको खेतदेखि पश्चिम, बाधेपोखरी गाउँ जाने बाटोदेखि पूर्व, सूर्य अधिकारीको घर र ढुंगेसाङ्ग जाने बाटोदेखि उत्तर, बाक्ला गाउँ जाने तथा टिकाथली गा.वि.स. जाने बाटोदेखि दक्षिण। यति चार किल्लाभित्र रहेको कच्ची बाटोमा सुजिन महर्जनको लास रहेको घाँस तथा धुलोमा रगतको सुकेको टाटाहरू देखिएको भन्नेसमेत व्यहोराको घटनास्थल मुचुल्का।

मृतक सुजिन महर्जनको लाशको घांटीको गर्धनको भागदेखि तल पुठ्ठासम्मको पूरै भागमा रगतले भिजी आलो रगत रहेको, मृतक लाशको पछाडि बायाँ पातामुनि नजिकै १ ईञ्च लम्बाई, आधा ईञ्च चौडाई भएको गहिरो काटेको घाउ भएको, सो घाउबाट रगत निस्की रहेको र मृतक लाश नजिक उत्तरतर्फ भूईंमा मृतकको कालो रंगको ज्याकेट रगतले भिजेको, सेतो बाहुला भएको आर्मी कलरको जर्सीको पछाडि ढाडको भागमा काटिएको प्वाल भएको कपडाहरू रहेकोमा उक्त कपडाहरू प्रहरीले उठाई लगेको भन्नेसमेत व्यहोराको लाश जाँच प्रकृति मुचल्का।

इमाडोल वडा ५ स्थित गोविन्द भण्डारीको २ तल्ले पक्की घर, सो घरको तल सटर भएको कोठाहरू रहेको, माथिल्लो तल्लाको कोठाहरूमध्ये दिलीप तामाङको डेरा कोठामा रहेको पलंङ्गको कपडा मुनिबाट ९ ईञ्च लम्बाई, १ इञ्च चौडाई भएको एकातर्फ आरीको जस्तो कडा र अर्कोतर्फ धार भएको, टुप्पो चुच्चो भएको

## प्रश्न नं. ८२

रगतजस्तो रातो पदार्थ लागेको छुरी थान १ फेला परेको भन्नेसमेत व्यहोराको खानतलासी एवं वरामदी मुचुल्का ।

मृतक सुजिन महर्जनको मृत्युको कारण Hemorrhage भन्नेसमेतको शव परीक्षण प्रतिवेदन ।

मिति २०७५।८।५ गते साझ अं.६ बजेतिर मेरो घर डेर एसी भन्ने आदित्य मुखिया, श्रीधर खड्का, भरत श्रीमालीले हाम्रो झगडा भयो, यो छुरी राखी देउ भने, म डराएर राख्दिन भन्दा हामीलाई हतार छ भनी मेरो कोठामा फाली दिई निजहरू निस्किएर गए । निज श्रीधर खड्कासमेतले सुजिन महर्जनलाई छुरी प्रहार गरी मारेको रहेछन भन्नेसमेत व्यहोरा दिलीप तामाङको प्रहरीमा भएको कागज ।

मरे भन्दै सुजिन महर्जन भूईंमा लडे, हामी भाग्यौं । सोही छुरा प्रहार तथा म समेतले प्रहार गरेको लात्ती, मुक्काको चोटको कारण सुजिन महर्जनको मृत्यु भएको भन्नेसमेतको प्रतिवादी एसी मुखिया भन्ने आदित्य मुखिया, श्रीधर खड्का, भरत श्रीमाली अधिकारीसमक्ष भएको बयान कागज ।

सो घटनामा संलग्न प्रतिवादीहरूलाई कडा कारवाही होस् भन्नेसमेत व्यहोराको घटनास्थल आसपास बुझिएका रत्नकुमार महर्जन, राजेश महर्जन, नरेन्द्र महर्जन, पारसमणि बस्नेत र अच्युत बोगटी समेतले लेखाई दिएको घटना विवरण कागज ।

खण्डका प्रतिवादीहरुलाई मुलुकी अपराध सहिता को १७७(१). को कसूर गरेकोमा ज्यानसम्बन्धी महलको १७७(२)नं. अनुसारसजाय गरिपाऊँ । प्रतिवादी युगल मुखियाले सुजिन महर्जनलाई मार्न भनी आफ्नो छोरा एसी भन्ने आदित्य मुखियालाई आदेश तथा बचन दिएको र सोअनुसार विरुद्ध खण्डका प्रतिवादीहरूले सुजिन महर्जनलाई हात, लात, मुक्का एवम् छुरी प्रहार गरी सोही प्रहार गरेका चोट पीडाको कारण सुजिन महर्जनको मृत्यु भएको पुष्टि हुन आएकोले निज युगल मुखियालाई १७७(१)नं. को कसूरमा ऐ. १७७(२) नं. बमोजिम सजाय गरिपाऊँ भन्नेसमेत व्यहोराको अभियोगपत्र ।

प्रतिवादीहरुले अदालतमा इन्कारी वयान

ललितपुर जिल्ला अदालत वाट भएको फैसला

उच्च अदालत पाटनमा प्रस्तुत गरेको पुनरावेदन